दर्ता नं. २८०/२०६२/०६३ "अपनाऊ पद्धति सहकारी, हटाऊ गरीबि र बेरोजगारी" फोन नं. ०१-५५४७७७७

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Pratibha Saving & Credit Co-operative Limited

लगनखेल, ललितपुर
स्था.: २०६३
(सहकारी ऐन २०४८ अनुसार स्थापित)

पत्र सं.०७७/७८
च.नं ८१ मिति:-२०७७।०८।१०

श्री ..........................................ज्यू
सदस्य नं...............

**विषय : चौधौं वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस संस्थाको मिति २०७७।०७।२२ गते बसेको सञ्चालक समितिको बैठकमा भएको निर्णय अनुसार सहकारी विभागको मिति २०७७।०६।०१ को सूचनालाई समेत आधार मानी निम्न विषयहरु उपर छलफल तथा निर्णय लिनको लागि तपसिलको मिति र केन्द्रहरुमा संस्थाको चौधौं वार्षिक साधारण सभा बस्ने भएको ले अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभा मिति र केन्द्रहरु**

मिति :- २०७७ पौष ४ गते देखि १८ गते सम्म

केन्द्रहरुः- महाङकाल गाउँपालिका चन्दनपुर, ठुलादुर्लुङ्ग, वाग्मती गाउँपालिका भट्टेडाँडा, गिम्दी, र संस्थाको कार्यालय

**साधारण सभामा छलफलका विषयहरु ।**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२) लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३) संस्थाका कोषाध्यक्षबाट आर्थिक वर्ष २०७६/०७७ को आर्थिक प्रतिवेदन प्रस्तुत र आर्थिक वर्ष २०७७/०७८ को लागि अनुमानित बजेट प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
४) आर्थिक वर्ष २०७६।०७७ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्वन्धमा ।
५) आर्थिक वर्ष २०७६।०७७ को लाभांश घोषणा गर्ने सम्बन्धमा ।
६) आर्थिक वर्ष २०७७।०७८ को लेखापरीक्षक नियुक्त गरि पारिश्रमिक तोक्ने सम्वन्धमा ।
७) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने सम्वन्धमा ।
८) उद्देश्य मिल्ने सहकारी संस्थाहरु संग एकिकरण गर्ने सम्वन्धमा ।
९) विनियम संशोधन गर्ने सम्बन्धमा ।
१०) संस्थाको आन्तरिक नीति, निर्देशिका र कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
११) विविध ।

**साधारण सभा हुने मिति, स्थान र समय**

| केन्द्र सं | मिति | स्थान | समय | सदस्यहरु |
|---|---|---|---|---|
| १ | २०७७।०९।०४ | महाङ्काल गाउँपालिका-५, चन्दनपुर | ९-११ बजे सम्म | साविक बुखेल, मानिखेल, गोटिखेल, चन्दनपुर कालेश्वर गा.वि.स का सम्पूर्ण सदस्यहरु |
| २ | २०७७।०९।०४ | महाङ्काल गाउँपालिका-६ ठुलादुर्लुङ्ग, तल्लो सिलिङगे | १-४ बजे सम्म | साविक ठुलादुर्लुङ्ग गा.वि.स का सम्पूर्ण सदस्यहरु |

Bimalsing.

Email: prativasaccos@hotmail.com

| | | | | |
|---|---|---|---|---|
| ३ | २०७७।०९।०५ | वाग्मती गाउँपालिका-७ गिम्दी, नारायणडाँडा | ११-२ बजे सम्म | साविक गिम्दी र आश्राङ गा.वि.स का सम्पूर्ण सदस्यहरु |
| ४ | २०७७।०९।०६ | संस्थाको कार्यालय | १०-४ बजे सम्म | गोदावरी नगरपालिकाका सम्पूर्ण सदस्यहरु |
| ४ | २०७७।०९।०७ | संस्थाको कार्यालय | १०-४ बजे सम्म | ललितपुर महानगरपालिकाका सम्पूर्ण सदस्यहरु |
| ४ | २०७७।०९।०८ | संस्थाको कार्यालय | १०-४ बजे सम्म | ललितपुर महानगरपालिकाका सम्पूर्ण सदस्यहरु |
| ४ | २०७७।०९।०९ | संस्थाको कार्यालय | १०-४ बजे सम्म | महालक्ष्मी नगरपालिकाका सम्पूर्ण सदस्यहरु |
| ४ | २०७७।०९।१० | संस्थाको कार्यालय | १०-४ बजे सम्म | महालक्ष्मी नगरपालिकाका सम्पूर्ण सदस्यहरु |
| ५ | २०७७।०९।११ | वाग्मती गाउँपालिका-३ भट्टेडाँडा | १०-१ बजे सम्म | साविक माल्टा, प्यूटार, ईकुडोल, भट्टेडाँडा गा.वि.स का सम्पूर्ण सदस्यहरु |
| ४ | २०७७।०९।१२ | संस्थाको कार्यालय | १०-३ बजे सम्म | सबै क्षेत्रका छुटेका सदस्यहरु |
| ४ | २०७७।०९।१३ | संस्थाको कार्यालय | १०-३ बजे सम्म | सबै क्षेत्रका छुटेका सदस्यहरु |
| ४ | २०७७।०९।१४ | संस्थाको कार्यालय | १०-३ बजे सम्म | सबै क्षेत्रका छुटेका सदस्यहरु |
| ६ | २०७७।०९।१८ | रिभाईभ लिजर पार्क महालक्ष्मीस्थान | १० बजे | प्रतिनिधिहरुको भेला सहित साधारण सभा |

**पूनश्च** :-

- माथि उल्लेखित विषयका अतिरिक्त संस्थाको हितका लागि कुनै सुझाव भएमा माथी उल्लेखित केन्द्रहरुमा अथवा २०७७ पौष १६ गते भित्र संस्थाको कार्यालयमा लिखितरुपमा दर्ता गराउनुहुन अनुरोध गरिन्छ ।
- सामुदायिक विद्यालयबाट २०७६ सालको **SEE** परीक्षामा उर्त्तिण हुने १ जना छात्र र १ जना छात्रालाई "संस्थापक अध्यक्ष रामहरि बजगाई अक्षय कोष" मार्फत छात्रवृत्ति वितरण गरिने भएकोले लब्धांङ्क पत्रको प्रतिलिपि सहित २०७७ पौष ०३ गते भित्र संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
- साधारण सभामा परिचय पत्र सहित स्वयं उपस्थित हुने शेयर सदस्यलाई मात्र परिवहन खर्च वापत रु.५००।- प्रदान गरिनेछ ।
- संस्थाको वार्षिक प्रतिवेदन वेबसाईड **www.pratibha.coop.np** मा मंसिर १८ गते पछी उपलब्ध हुनेछ ।
- २०७७।०९।१८ गतेको साधारण सभा **https://www.facebook.com/prativa.saccos.3** बाट प्रत्यक्ष प्रसारण हुनेछ ।

सञ्जय तिमल्सिना
सचिव

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## चौधौं वार्षिक साधारण सभामा
## सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन–२०७७

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको चौधौं वार्षिक साधारण सभा प्रतिकुल अवस्थाका बावजुत आज सम्पन्न गर्न लागि रहेका छौं। यस अवसरमा हाम्रो निमन्त्रणालाई हृदयदेखि स्वीकार गरी पाल्नुभएका श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, पत्रकार मित्रहरु, लेखा तथा सुपरीवेक्षण समिति, सञ्चालक समिति, विभिन्न उप-समितिका साथीहरु, भेगीय साधारण सभाका प्रतिनिधिज्यूहरु र प्रविधिका माध्यमबाट हेरिरहनुभएका सम्पूर्ण सदस्य महानुभावहरुमा सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

यस संस्थाको १४औं वार्षिक साधारण सभाको प्रक्रिया २०७७ पौष ४ गते बाट सुरु गरी आज सम्पन्न हुन लागी रहेको छ। विभिन्न ६ वटा क्षेत्रमा केन्द्र निर्धारण भई स्थानिय स्तरमा साधारण सभा सम्पन्न गर्न खटिनु भएका कार्यदलका साथीहरु, कर्मचारीहरु र संस्थाले निर्धारण गरेका केन्द्रहरुमा उपस्थित भई साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

यस संस्थाका सदस्य नं २८० का कुलबहादुर लामाको मिति २०७६।११।१३ गते, सदस्य नं ९५३ का भक्तबहादुर सुवेदी को मिति २०७६।०५।२१ गते र सदस्य नं ६०१ का मातृकाप्रसाद सञ्जेलको मिति २०७७।०६।३० गते असामायिक निधन भएकोमा दिवङगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

२०७६ साल कार्तिक २३ गते सम्पन्न १३ औं वार्षिक साधारण सभाबाट हामी सञ्चालक समिति तथा लेखा तथा सुपरीवेक्षण समितिलाई जुन अपार विस्वासका साथ नेतृत्वको जिम्वेवारी प्राप्त भएको थियो । यसका लागी हामी सम्पूर्ण सदस्य महानुभावज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछौं । हामीले

सुरुवाटै केही रचनात्मक काम गर्दो सदस्यहरुको हितमा समर्पित हुने जमर्को गरेका थियौ तर समय, परिस्थीति प्रतिकुल बनिदियो । सबै पेशा व्यवसायहरुले यतिवेला ठुलो चुनौतिको सामना गर्नु परिरहेको छ । यो बेला बाच्ने र बचाउने बेला हो, पेशा व्यवसायलाई जिवन्त बनाई राख्न सदस्यहरुमा आईपर्ने हरेक चुनौतिहरुको सामना गर्न यस संस्था सधै तपाईहरुको साथमा रहने कुरामा विश्वस्त पार्न चाहान्छु ।

आदरणीय सेयर सदस्यज्यूहरु विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) ले देशको अर्थतन्त्रलाई धरासाई बनाएको अवस्थामा हाम्रो संस्था पनि यसबाट अछुतो रहन सकेन । नेपाल सरकारबाट कोभिड-१९ प्रभाव रोकथाम तथा नियन्त्रण गर्न बन्दाबन्दी, निषेधाज्ञा भएको अवस्थामा समेत आंशिक रुपमा हाम्रा सदस्यहरु रोग र भोकले मर्न नपरोस् भनि गर्जो टार्ने गरी आवश्यक नगद प्रवाह गरी सदस्यहरुलाई सेवा प्रदान गरिएको थियो । कोरोना भाईरस पोजेटिभमा रहनु भएका सदस्यज्युहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु साथै पोजेटिभ भएर निको भई सक्नु भएका सदस्यज्यूहरुलाई बधाई दिन चाहान्छु।

विश्वव्यापी रुपमा फैलिएका कोभिड-१९ महामारीको कारण सरकारले गरेको बन्दाबन्दी, निषेधाज्ञा, र कोभिड-१९ को बढ्दो सक्रमण, समय समयमा तरलताको अभाव, भौगोलिक विकटता, पर्याप्त सुचना सम्प्रेषणमा कठिनाई आदिका कारणबाट सवै सदस्यहरु माझमा हामी पुग्न सकेका छैनौँ। तर पनि सहकारी ऐन, नियमावली, निति, विधि र प्रविधि सम्मतरुपमा संस्था सञ्चालन गरी सदस्यहरुको समग्र हितमा केन्द्रीत हुदै तपाईहरुको अमुल्य विश्वास र सद्भावका कारण उच्च मनोवलका साथ काम गरिरहेका छौँ ।

१४ औँ वार्षिक साधारण सभाको यस अवधि सम्ममा संस्थाले के कसरी कार्य गर्न सकेको छ, ती कार्यको सङ्क्षिप्त विवरण यस सम्मानित सभा समक्ष छोट्करीमा प्रस्तुत गर्न चाहन्छु ।

**१) बैठकहरुः-**

संस्थालाई अगाडि बढाउन संस्थाको सञ्चालक समिति तथा अन्य उप-समितिको महत्वपूर्ण भूमिका रहन्छ । संस्थाको समिति तथा उप-समितिहरुको औपचारिक बैठक के कति बस्यो, त्यसलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ :

| क्र.सं. | समिति /उप-समिति | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति नियमित तथा संयुक्त | ११ पटक ३ पटक |
| २. | लेखा तथा सुपरीवेक्षण समिति | ४ पटक |
| ३. | ऋण उप-समिति | २३ पटक |
| ४. | शिक्षा उप-समिति | ३ पटक |
| ५. | महिला उप-समिति | २ पटक |
| ६. | युवा उप-समिति | ४ पटक |
| ७. | छात्रवृत्ति परिचालन उप-समिति | ३ पटक |

**२) संस्थाको कारोबारको समिक्षाः-**

सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि स-सानो पूँजी सङ्कलन गरी सदस्यहरुको हितमा लगानी गर्दै आएका छौं । संस्थाले १४ औं वर्ष पार गरेको अवस्थामा संस्थाले गरेका आर्थिक गतिविधिलाई सम्मानित साधारण सभा समक्ष प्रस्तुत गर्नु सञ्चालक समिति र अध्यक्षको कर्तव्य हो । आ.व २०७६/०७७ सम्ममा संस्थाले गरेका कारोबार तलको तालिकामा प्रस्तुत गरेका छौं :

| क्र.सं. | विवरण | २०७५/०७६ | २०७६/०७७ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १. | सेयर पूँजी | ३,५३,९०,७००।०० | ३,५५,०९,१००.०० | ०।३३% |
| २. | बचत संकलन | १९,३३,०७,४२०।९१ | २१,६३,९१,९८५.१२ | ११।९४% |
| ३. | कर्जा लगानी | १७४,२०२,६०१।०० | १९,७६,०३,६०८.०० | १३।४३% |
| ४. | कुल कारोबार | २७,५१,३१,५८५।०९ | २९,७६,४७,७८२.२१ | ८।१८% |
| ५. | सेयर सदस्य | १,८५२ जना | २,११३ जना | १४।०९% |

**३) संस्थाले सदस्यता लिएको तथा प्रतिनिधित्व सम्बन्धमा :**

क) राष्ट्रिय सहकारी बैंक लि.को सदस्यता

ख) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) को सदस्यता

ग) जिल्ला सहकारी संघ लि.ललितपुरको सदस्यता

घ) ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को सदस्यता

**४) सहकारी अभियानका कार्यक्रममा सहभागी :**

क) राष्ट्रिय सहकारी बैंक लि.,नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., जिल्ला सहकारी संघ लि.,ललितपुर तथा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को साधारण सभामा प्रतिनिधि सहित सहभागी भएको ।

ख) विभिन्न संघ संस्थाद्वारा आयोजित कार्यक्रममा सक्रिय सहभागिता जनाइएको।

**५) तालिम तथा गोष्ठीमा सहभागिता :**

क) राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., जिल्ला सहकारी संघ लि.र ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. द्वारा आयोजित कोभिड-१९ ले सहकारी संस्थामा पारेको प्रभाव, रोकथामका विषयहरुमा विभिन्न समयमा विधुतिय माध्यमबाट भएका कार्यक्रमहरुमा सञ्चालक तथा कर्मचारीहरुको सहभागिता रहेको ।

ख) ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. द्वारा रजत वर्षका अवसरमा आयोजित कार्यक्रमहरुमा सञ्चालक तथा कर्मचारीहरुको सहभागिता रहेको।

**६) कोभिड-१९ प्रभाव तथा सेवा निरन्तरताः**

सरकारबाट कोभिड-१९ प्रभाव रोकथाम तथा नियन्त्रणगर्न बन्दाबन्दी, निषेधाज्ञा भएको अवस्थामा समेत सम्पर्क व्यक्तिको माध्यमबाट र संस्थाको कार्यालय आंशिक रुपमा खोलि बचत फिर्ता दिने तथा सुबिधा कर्जा उपलब्ध गराउने काम सम्पन्न गरियो। यस बिषम परिस्थितिमा सेवा प्रदान गर्न खटिने कर्मचारीहरु तथा सेवा लिने सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छौँ ।

**७) ऋणको ब्याजमा छुटः**

सरकारबाट कोभिड-१९ प्रभाव रोकथाम तथा नियन्त्रणगर्न बन्दाबन्दी भएको समयमा चैत्र १० गते देखी जेष्ठ मसान्त सम्म कर्जाको पाकेको ब्याजमा ३ देखी १०% सम्म रु.६३३,४६५।- छुट प्रदान गरिएको ।

**८) आ.व २०७६/०७७ मा सम्पन्न गरिएका शिक्षा तालिम तथा अन्य कार्यक्रमः**

क) कोभिड-१९ सक्रमणको प्रतिकुल समयमा २०७७ जेष्ठ ३० गते ललितपुर लगनखेलमा प्रतिभा साकोस र सामाजिक साकोसको संयुक्त आयोजनामा बृहत् खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरिएको ।

ख) १७ औं राष्ट्रिय धान दिवसको अवसरमा सञ्चालक समिति, लेखा तथा सुपरीवेक्षण समिति, उप-समितिहरु तथा कर्मचारीहरु सहभागी भई मिति २०७७ आषाढ ६ गते ललितपुर टौखेलमा रोपाई कार्यक्रम सम्पन्न गरिएको ।

ग) संस्थाद्वारा आ.व २०७६/०७७ मा विभिन्न समयमा ४ वटा सहकारी अभिमुखीकरण तालिम संस्थाको कार्यालयमा प्रदान गरिएको ।

**९) जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम (कर्वस्) मा सहभागिताः**

नेफ्स्कुनद्धारा सञ्चालित (कर्वस्) कार्यक्रममा सहभागीभई संस्थाको वित्तीय अवस्था, सुशासन तथा व्यवस्थापकीय रुपमा सक्षम बनाई समुदायमा आधारित दिगो संस्था बनाउन जोखिममा आधारित साकोस सुपरीवेक्षणको अवधारणा कार्यान्वयनको सुरुवात गरिएको ।

**१०) लघुवित्त विपन्न वर्ग कर्जा लगानीः**

संस्थाले महिला सदस्यहरुको आर्थिक एवम् सामाजिक नेतृत्व विकास गराउने मुख्य उद्देश्यका साथ सदस्यहरुका बीचमा आफ्नो आर्थिक कारोबार लघुवित्त कार्यक्रम मार्फत सदस्यहरुमा कर्जा लगानी कार्यलाई निरन्तरता दिएको ।

**११) सदस्य सुरक्षा कार्यक्रमः**

संस्थाका सदस्यहरुलाई सहयोगगर्ने उद्देश्यले "**सदस्य सुरक्षा बचत कार्यक्रम निर्देशिका**" स्थापना गरी उक्त कोष मार्फत काजकिरिया खर्च, स्वास्थ्य उपचार खर्च निम्न सदस्यहरु तथा सदस्यका परिवारलाई सहयोग प्रदान गरिएको ।

**क) काजकिरिया खर्च :**

सेयर सदस्यको मृत्यु भएमा "**सदस्य सुरक्षा बचत कार्यक्रम निर्देशिका**" बमोजिम निम्न मृतक सदस्यका परिवारलाई सहयोग रकम उपलब्ध गराईएको ।

| क्र.स. | नाम थर | सदस्य नं | रकम |
|---|---|---|---|
| १ | कुलबहादुर लामा | २८० | ३०,०००। |
| २ | भक्तबहादुर सुवेदी | ९५४ | १०,०००। |
| ३ | मातृकाप्रसाद सञ्जेल | ६०१ | १५,०००। |
| | | जम्मा | ५५,०००। |

## ख) स्वास्थ्य उपचार खर्चः-

संस्थाका सदस्यहरुलाई सहयोग गर्ने उद्देश्यले "**सदस्य सुरक्षा बचत कार्यक्रम निर्देशिका**" बमोजिम गम्भीर रोग लागेका तथा दुर्घटनामा परेका सदस्यहरुलाई स्वास्थ्य उपचार खर्च निम्न सदस्यहरुलाई सहयोग प्रदान गरिएको ।

| क्र.स. | नाम, थर | सदस्य नं | रकम |
|---|---|---|---|
| १. | श्री गंगामाया धिमाल | १०४४ | १५,०००।- |
| २. | श्री साबित्रि आचार्य | १६९ | २,५००।- |
| ३. | श्री शुसिला सञ्जेल | १०१८ | ५,०००।- |
| ४. | श्री अप्सरा दाहाल | ८२ | ७,०००।- |
| ५ | श्री अंकित घिमिरे | ६४२ | १५,०००।- |
| ६. | श्री भिमप्रसाद तिमल्सिना | २२७ | ५,०००।- |
| ७. | श्री शान्ती के.सी | ८१२ | ५,०००।- |
| ८. | श्री नविन बजगाई | १४८४ | ३,०००।- |
| जम्मा | | | ५७,५००।- |

## ग) सुत्केरी पोषण खर्च वितरणः-

संस्थाका महिला सदस्यहरुलाई "**सदस्य सुरक्षा बचत कार्यक्रम निर्देशिका**" बमोजिम यस संस्थाले सुरुवात गरेको सुत्केरी पोषण खर्च वितरण कार्यक्रम अन्तर्गत निम्न महिला सदस्यहरुलाई घ्यू वितरण गरिएको :

| क्र.स | नाम थर | सदस्य नं. | सुत्केरी भएको अस्पतालको नाम | परिणाम |
|---|---|---|---|---|
| १. | श्री आशिका थापा पाण्डे | १६३९ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल | २ किलो घिउ |
| २. | श्री सुमित्रा खड्का | १८४८ | पाटन अस्पताल | २ किलो घिउ |
| ३. | श्री बिन्द्रा श्रेष्ठ | १५७१ | नेपाल मेडिसिटि अस्पताल | २ किलो घिउ |
| ४. | श्री साबित्रि आचार्य | १६९ | पाटन अस्पताल | २ किलो घिउ |
| ५. | श्री अस्मिता बि.क | १७४६ | किस्ट मेडिकल कलेज अस्पताल | २ किलो घिउ |
| ६. | श्री निर्मला भट्टराई श्रेष्ठ | ९३६ | पाटन अस्पताल | २ किलो घिउ |
| ७. | श्री नारायणि ठकुरी | २१ | पाटन अस्पताल | २ किलो घिउ |
| ८. | श्री रीता तिमल्सिना | ७४० | पाटन अस्पताल | २ किलो घिउ |

| | | | | |
|---|---|---|---|---|
| ९. | श्री गंगादेवी दर्जी | १७१० | पाटन अस्पताल | २ किलो घिउ |
| १०. | श्री सुविना बजगाई | १८५९ | सिभिल सर्भिसअस्पताल | २ किलो घिउ |
| ११. | श्री शान्ती के.सी | ८१२ | पाटन अस्पताल | २ किलो घिउ |
| १२. | श्री मनिता तामाङ पहरी | १७७८ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल | २ किलो घिउ |
| १३. | श्री अप्सरा दाहाल | ५९० | किस्ट मेडिकल कलेज अस्पताल | २ किलो घिउ |
| १४. | श्री बिष्णु घतानी | १२९५ | पाटन अस्पताल | २ किलो घिउ |
| १५. | श्री ज्ञानु सञ्जेल | ११७४ | पाटन अस्पताल | २ किलो घिउ |
| १६. | श्री पिङ्गला कुमारी चौधरी | १२७२ | किस्ट मेडिकल कलेज अस्पताल | २ किलो घिउ |
| १७. | श्री मिना घतानी | १२३७ | पाटन अस्पताल | २ किलो घिउ |
| १८. | श्री सरिता डंगोल | १७९७ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल | २ किलो घिउ |

**१२) संस्थापक अध्यक्ष रामहरि बजगाँई अक्षय कोष :**

"संस्थापक अध्यक्ष रामहरि बजगाँई अक्षय कोष" मार्फत गत बर्ष २०७५ सालको माध्यमिक शिक्षा पारिक्षा SEE उर्त्तिण निम्न सदस्य तथा सदस्यहरुका छोराछोरीलाई नगद सहित सम्मान गरिएको ।

| क्र.म | पुरस्कृत छात्र/छात्रा | सेयर सदस्य/अभिभावक | सदस्य नं | रकम |
|---|---|---|---|---|
| १. | श्री कृतिका सञ्जेल | आफै | ५८५ | रु. १५०००।०० |
| २. | श्री सुदिप हुमागाई | होमनाथ हुमागाई | ७६१ | रु. १५०००।०० |
| जम्मा | | | | रु. ३०,०००।०० |

**सेयर सदस्य महानुभावहरु,**

आ.ब म आव २०७७/२०७८ मा यस संस्थाले लागु गर्ने नीति तथा कार्यक्रमहरु अनुमोदन तथा पारित गर्न यस सम्मानित सभासमक्ष पेस गर्दछु ।

**आर्थिक वर्ष २०७७/०७८ मा कार्यान्वयन गरिने प्रस्तावित नीति तथा कार्यक्रमहरुः–**

१) सेयर तथा बचत जमानतमा सदस्यहरुलाई २०७७ माघ१ गते देखी सुविधाकर्जा ८०,०००।-,५०,०००।-,४०,०००।-दिइनेछ । जसमा कार्यालय व्यवस्थापन शुल्क लाग्ने छैन र ब्याजदर भने १३.५०% कायम गरिएको छ। सदस्यहरुले सामुहिक जमानत कर्जा, धितो कर्जा, हायरपर्चेज कर्जा लिन पाउने व्यवस्था यथावत् राखिएको छ । सुविधा कर्जाभन्दा माथिको कर्जा लगानी गर्दा सुविधा कर्जाभन्दा माथिको कर्जाको मात्र कार्यालय व्यवस्थापन शुल्क लाग्नेछ।

२) कुनै पनि सेयर सदस्यहरु कोभिड-१९ तथा अन्य रोग लागी अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्थामा बिरामीको स्थिति हेरी बढीमा रु.१,००,०००।- सम्म स्वास्थ्य उपचार कर्जा उपलब्ध गराइनेछ। सो कर्जाको ब्याज १२.५० प्रतिशत र भुक्तानी अबधि बढीमा २ वर्षको हुनेछ तर कार्यालय व्यवस्थापन शुल्क भने लाग्ने छैन ।

३) यस संस्थाका कुनै सेयर सदस्यको मृत्यु भएमा सदस्य सुरक्षा बचत कार्यक्रम मार्फत काजकरिया खर्च र औषधी उपचार खर्च बापतको रकम निम्नानुसारले दिइनेछ :

**काजकिरिया खर्च तर्फ**

| क्र.स. | सेयर पूँजी | दिइने रकम |
|---|---|---|
| १. | १,०००–१०,०००।- | १०,०००।- |
| २. | १०,१००–२०,०००।- | १५,०००।- |
| ३. | २०,१००–५०,०००।- | ३०,०००।- |

◆ औषधि उपचार खर्च रोगको अवस्था हेरी बढीमा रु.१५,०००।०० सम्म प्रदान गरिनेछ ।

४) नेपाल सरकार, यूवा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषको युवा स्वरोजगार कर्जालाई कृषि तथा पशुपालन क्षेत्रमा लगानी गर्न २०७६ साल माघ महिनामा रु. १ करोड माग गरिएको छ भने उक्त रमक प्राप्त हुना साथ लगानी गरिनेछ ।

५) संस्थाले सदस्यता वृद्धि गर्न रु.५०,०००।-, २०,०००।-, १०,०००।-, ५०,००।-, १,०००।- रकममा यस वर्ष २३५० जना सदस्य पुऱ्याउने लक्ष्य लिएको छ। तर अन्य उही प्रकृतिको संस्थामा रहेका सदस्यलाई दोहोरो सदस्यता दिइनेछैन।

६) युवापुस्तालाई लक्षित गरी सामूहिक रूपमा ग्रामीण क्षेत्रमा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्रमा विशिष्टीकृत संघ मार्फत कार्यक्रम अगाडि वढाइने छ ।

७) प्रविधिको विकास तथा प्रतिष्पर्धा बजारको अवस्था बमोजिम Mobile Banking, S.M.S Banking सेवा सञ्चालन गरिनेछ ।

८) ६४ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मिति २०७७ चैत्र १४ गते शनिवार मंगलबजारमा रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ ।

९) संस्थाको सञ्चालक समिति, लेखा-समिति, उप–समितिहरु र संस्थाका कर्मचारीहरुलाई काम कर्तव्य र भुमिकामा जवाफदेहि र नेत्तृत्वदायी भूमिका स्थापित हुने किसिमको एक पटक नेत्तृत्व विकास तालिम सञ्चालन गरिनेछ ।

१०) सेयर सदस्य तथा सदस्यहरुका छोरा छोरीहरुलाई माध्यमिक शिक्षा (SEE) उत्तीर्ण देखि उच्च तह उत्तीर्ण गर्नेहरुलाई सम्मान गरिनेछ । साथै संस्थाले सूचना प्रकाशित गर्नासाथ शैक्षिक प्रमाणपत्रको प्रतिलिपि संस्थामा उपलब्ध गराउनुहुन समेत अनुरोध गर्दछु ।

११) नेफ्स्कुनद्धारा सञ्चालित जोखिममा आधारित साकोस सुपरीवेक्षण **(कर्वस्)** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२) संस्थासँग नजिकको सम्बन्ध भएका र सम्बन्ध हुन सक्ने अन्य सहकारी संस्थासँग छलफल गरी एकीकरण गर्ने नीति लिइनेछ ।

१३) संस्थाको कारोबारमा भएको वृद्धिसँगै संस्थाको ढुकुटी, काउन्टर तथा बैंकमा रकम जम्मा गर्न जाँदा आउँदाको मार्गस्थ बिमा गरिनेछ ।

१४) शारीरिक रूपमा अशक्त भएका सदस्यहरुलाई बचतको ब्याजमा १ प्रतिशत थप र कर्जा लगानीमा १ प्रतिशत कम ब्याज तथा कार्यालय व्यवस्थापन शुल्क नलाग्ने व्यवस्था गरिएकोछ ।

१५) संस्थाले सञ्चालनमा ल्याएको website:www.pratibha.coop.np मार्फत संस्थाका गतिविधिहरु जानकारी लिन सक्ने गरी थप व्यवस्थित गरिनेछ ।

१६) एक आर्थिक वर्षमा सबै भन्दा धेरै सदस्य बनाउने १ जना पुरुष र १ जना महिला सदस्यहरुलाई साधारण सभामा सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७) महिला सदस्यहरु दुई पटक सम्म सुत्केरी भएमा सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८) संस्थापक अध्यक्ष "**रामहरि बजगाँई अक्षय कोष–२०७२**" बाट १/१ जना छात्र र छात्रालाई छात्रवृत्ति वितरण निरन्तर गरिनेछ ।

१९) संस्थाबाट ऋण लिने सदस्यहरुको विमा सम्बन्धि निती बनाई लागु गरिनेछ ।

२०) "एक सदस्य एक साथी" कार्यक्रम लागु गरि सदस्यता वृद्धि गरिनेछ ।

२१) ६० वर्ष भन्दा माथीका जेष्ठ सदस्यहरुको पूर्ण स्वास्थ्य परिक्षण गराइनेछ ।

२२) लघुवित्त कार्यक्रमलाई प्रभावकारीका साथ अगाडि बढाइनेछ ।

२३) नयाँ बन्ने सदस्यहरुलाई सहकारी अभिमुखीकरण तालिम संस्थाको निरन्तर दिइनेछ ।

२४) बचत तथा ऋण लगानीको ब्याजदरमा समया अनुकूल परिर्वतन गरिनेछ ।

अन्त्यमा, यस विषम परिस्थितीमा हरतहबाट संस्था जीवन्त राख्न आ-आफ्ना ठाउँबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सदस्यहरु, लेखा तथा सुपरीवेक्षण समिति, सञ्चालक समिति, विभिन्न उप-समिति, कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दै यस १४ औं वार्षिक साभारण सभामा उपस्थित भई आफ्नो अमूल्य समय दिई विचार व्यक्त गर्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यू र पत्रकारज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**"कोरोना भाइरस बाट आफू पनि बचौँ अरुलाई पनि बचाऔँ "**

**" अनावश्यक भिडभाड नगरौं घरमै बसौं सुरक्षित रहौं "**

**धन्यवाद ।।**

**जय सहकारी । जय प्रतिभा**

मिति : २०७७/०९।०४-१८ गते

सञ्चालक समितिको तर्फबाट

रेवतीप्रसाद दाहाल

**अध्यक्ष**

## प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## १४ औँ वार्षिक साधारण सभामा
## लेखा तथा सुपरीवेक्षण समितिका तर्फबाट प्रस्तुत प्रतिवेदन - २०७७

संस्थाको १४ औं वार्षिक साधारण सभामा सभापतित्व गरि रहनु भएका संस्थाका अध्यक्षज्यू, संस्थाको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू तथा अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सञ्चालक सदस्यज्यूहरू, विभिन्न उप-समितिका सदस्यज्यूहरू, सम्पूर्ण सेयर सदस्यहरू, कर्मचारीहरू, लेखा समितिका सहकर्मी मित्रहरू सबैमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

गत १३ औं वार्षिक साधारण सभाबाट हामीलाई लेखा तथा सुपरीवेक्षण समितिमा निर्विरोध निर्वाचित गरी सेवा गर्ने मौका दिनुभएकोमा सम्पूर्ण सदस्यहरुलाई हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछौं ।

यस गरिमामय १४ औं वार्षिक साधारण सभाको अवसरमा लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आव २०७६/०७७ को प्रतिवेदन प्रस्तुत गर्ने अवसर प्राप्त भएकामा सभामा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १४ औं वर्ष पूरा गरी १५ औं वर्षमा प्रवेश गरेको छ । यस अवस्थासम्म आइपुग्दा संस्थाले प्रशस्त संस्थागत विकासका पाठहरू सिक्दै अघि बढ्ने अभ्यास गरेको कुरा सम्पूर्ण सेयर सदस्य महानुभावहरूमा छर्लङ्ग छ ।

**आदरणीय सेयर सदस्य महानुभावहरू,**

आ.व. २०७६/०७७ मा संस्थाले गरेका काम कारबाहीको सङ्क्षिप्त गतिविधिहरू बागमती प्रदेश सहकारी ऐन २०७६, को दफा १२८ बमोजिम जारी भएको सहकारी सङ्घ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियम सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची-२ (दफा ११ (क) सँग सम्बन्धित)को ढाँचा बमोजिम प्रस्तुत गर्न चाहन्छु ।

## १. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्थाः-

१३ औं वार्षिक साधारण सभाका आर्थिक वर्ष २०७६/०७७ मा अवलम्बन गरिएका नीति तथा कार्यान्वयनको निर्णयहरूको कार्यान्वयनको अवस्था निम्न बमोजिम पाइयो ।

| क्र.स. | कार्यक्रमहरू | २०७६/२०७७ |
|---|---|---|
| १. | साधारण बचत, नियमित बचत, आवधिक बचत सङकलन/फिर्ता | सम्पन्न गरिएको |
| २. | सुविधा ऋण,सामूहिक ऋण, धितो ऋण र शैक्षिक ऋण प्रवाह | सम्पन्न गरिएको |
| ३. | संस्थापक अध्यक्ष रामहरि बजगाई छात्रवृत्ति कार्यक्रम | सम्पन्न गरिएको |
| ४. | सहकारी अभिमुखीकरण तालिम | प्रयासरत रहेको |
| ५. | सदस्य सुरक्षा बचत कार्यक्रम | प्रयोगमा ल्याएको |
| ६. | सेयर सदस्यको असामयिक निधन हुन गएमा रु. १०,०००। देखि ३००००। सम्म काजकिरिया खर्च पाउने व्यवस्था र उपचार खर्च | प्रदान गरिएको |
| ७. | उत्कृष्ट कारोबार गर्ने सेयर सदस्यलाई पुरस्कार वितरण (बचत तथा ऋणतर्फ ) | सम्पन्न गरिएको |
| ८. | ज्येष्ठ नागरिक सम्मानको व्यवस्था | व्यवस्था गरिएको |
| ९. | विभिन्न नयाँ तथा प्रभावकारी बचत तथा कर्जा कार्यक्रम सञ्चालन गरी लक्ष्यअनुसारको पुँजी सङ्कलन तथा कर्जा लगानी एवं असुली गर्न तीव्र प्रयास गरिनेछ । | प्रयासरत रहेको |
| १०. | सुत्केरीलाई पोषण कार्यक्रम | सम्पन्न गरिएको |
| ११. | सदस्य परिचयपत्र र सेयर प्रमाणपत्र वितरण | वितरण गरिएको |
| १२. | ज्येष्ठ नागरिक तीर्थाटन कार्यक्रम | प्रयासरत रहेको |
| १३. | नेतृत्व विकाश कार्यक्रम | सम्पन्न गरिएको |
| १४. | ढुकुटी तथा नगद बिमा | प्रयासरत रहेको |
| १५. | अध्ययन अवोलोकन भ्रमण | प्रयासरत रहेको |
| १६. | रक्तदान कार्यक्रम | सम्पन्न गरिएको |
| १७. | शारीरिक रूपमा अशक्त सदस्यहरूलाई प्रोत्साहन | प्रयासरत रहेको |
| १८. | Mobile Banking सेवा | प्रयासरत रहेको |
| १९. | सहकारी एकीकरण | प्रयासरत रहेको |
| २०. | एक सदस्यएक साथि कार्यक्रम | प्रयासरत रहेको |

| | | |
|---|---|---|
| २१. | ऋण लिने सदस्यहरुको विमा कार्यक्रम | प्रयासरत रहेको |
| २२. | बचत तथा ऋण लगानीका ब्याजदरमा परिवर्तन | परिवर्तन गरिएको |
| २३. | जोखिममा आधारित साकोस सुपरीवेक्षण (कर्वस्) कार्यक्रम | प्रयासरत रहेको |
| २४. | युवा स्वरोजगार कर्जालाई कृषि तथा पशुपालन क्षेत्रमा लगानी | प्रयासरत रहेको |

## २. आ.व २०७६/०७७ मा बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्थाः-

आ.व.२०७६/७७ मा सञ्चालक समितिको बैठक ११ पटक तथा लेखा सुपरीवेक्षण समितिको बैठक ४ पटक बसेको थियो। सञ्चालक समितिको बैठकका निर्णयहरूलाई कार्यान्वयनमा ल्याइएको र नीतिहरूलाई अझ प्रभावकारी बनाउन व्यावहारिक, व्यवस्थित र समयानुकूल बनाई कार्यान्वयन गर्ने प्रयास गरिएको तथा अभिलेखीकरणमा थप सुधार भएको देखिन्छ।

| क्र.सं. | समिति /उप-समिति | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति नियमित तथा संयुक्त | ११ पटक ३ पटक |
| २. | लेखा तथा सुपरीवेक्षण समिति | ४ पटक |
| ३. | ऋण उप-समिति | २३ पटक |
| ४. | शिक्षा उप-समिति | ३ पटक |
| ५. | महिला उप-समिति | २ पटक |
| ६. | युवा उप-समिति | ४ पटक |
| ७. | छात्रवृत्ति परिचालन उप-समिति | ३ पटक |

## ३. ऋण लगानीको प्रक्रिया, ऋणबापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः-

संस्थाले विभिन्न शीर्षकमा कर्जा लगानी गर्ने गरेको छ। संस्थाको ऋण नीति अनुसार आवश्यक कागजात पुरा गरी आवेदन फारम भरे पश्चात् सुविधा कर्जा लगानी गर्न कार्यालयका कर्मचारीलाई अधिकार दिइएको छ। सुविधा कर्जा भन्दा माथि ऋण उप-समितिले आवश्यक जमानत तथा अचल सम्पत्ति धितो सुरक्षण लिई रोक्का तथा दृष्टिबन्धक गरी ऋण प्रवाह गरेको पाइयो। रु.१० लाख भन्दा माथिको कर्जा लगानीको धितो मूल्याङ्कन कर्ताबाट धितो मूल्याङ्कन गराई कर्जा लगानी गरिएको पाईयो । साथै कर्जा माग गर्नका लागी आवश्यक कागजात तथा प्रक्रिया सदस्य वडापत्रमा सबैले देख्ने गरी राखेको देखिन्छ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी सङ्क्षिप्त विवरणः–**

संघिय सहकारी ऐन २०७४, नियमावलि २०७५, तथा बागमती प्रदेश सहकारी ऐन, निमावली २०७६ र मापदण्ड २०७७ बमोजिम सहकारीले आफ्ना गतिविधिहरु गर्दै आएको पाइयो ।

**५. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरणः–**

**क) पारिश्रमिक** : ऋण उप-समितिलाई मासिक भत्ता रु. १०,००० ।- व्यवस्था गरिएको छ ।

**ख) भत्ता** : सञ्चालक समिति तथा लेखा समितिलाई प्रति बैठक भत्ता रु. ५८८।- व्यवस्था गरिएको छ ।

**ग) अन्य सुविधाहरू** : ऋण उप-समितिलाई मासिक टेलिफोन खर्च रु.१५००।- व्यवस्था गरिएको छ ।

**६. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरूः–**

क) साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : भएको

ख) कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याएको

ग) भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : भएको

घ) कार्यरत कर्मचारीहरु र कार्यबोझ बिच तादम्यता रहेको/नरहेको : रहेको

ङ) संस्थामा हाल ५ जना कर्मचारीहरू कार्यरत रहेको ।

**७. लेखा तथा सुपरीवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्थाः–**

लेखा समितिद्वारा दिइएका सुझावहरूलाई सञ्चालक समितिले अध्ययन गरी क्रमशः कार्यान्वयन गर्दै आएको देखिन्छ ।

**८. लेखा तथा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

आ.व. २०७६/०७७ मा संस्थाले गरेको काम कारबाहीहरूको सङ्क्षिप्त गतिविधिहरूः

| विवरण | २०७६/०७७ | २०७५/०७६ | उपलब्धी प्रतिशतमा |
|---|---|---|---|
| सेयर पुँजी | ३,५५,०९,१००.०० | ३,५३,९०,७००.०० | ०.३३% |
| कोष हिसाब | १,२३,५१,८७८.२६ | १,४८,०६,६९४.६० | (१६.५८%) |
| बचत तथा निक्षेप | २१,६३,९१,९८५.१२ | १९,३३,०७,४२०.९१ | ११.९४% |
| कर्जा तथा सापटी लगानी | १९,७६,०३,६०८.०० | १७,४२,०२,६०१.०० | १३.४३% |
| कुल सञ्चालन आम्दानी | ३,२७,३७,०२७.९५ | ३,००,६९,१०७.८१ | ८.८८% |
| कुल सञ्चालन खर्च | ३,०६,४७,२५८.८९ | २,८०,९५,३६७.३३ | ९.०८% |
| आयकर अधिको बचत | २०,८९,७६९.०६ | १९,७३,७४०.४७ | ५.८८% |
| कुल कारोवार | २९,७६,४७,७८२.२१ | २७,५१,३१,५८५.०९ | ८.१८% |
| सेयर सदस्य | २,११३ जना | १,८५२ जना | १४.०९% |

संस्थाको सम्पूर्ण हिसाब किताब कम्प्युटर प्रणालीमा राखिएको छ । ऋण तथा बचतकर्ताहरूको व्यक्तिगत खाताहरूमा लिने तथा दिने ब्याजको गणना ठिकसँग भए/नभएको सम्बन्धमा नमुना परीक्षण गर्दा तोकिएको दरमा ब्याज लेखाङ्कन गरिएको र ब्याज हिसाब गर्दा ३६५ दिन वार्षिक गणनाका आधारमा राखिएको देखिएको छ ।

**९. लेखा तथा सुपरीवेक्षण समितिको सुझावहरू:-**

यस आ.व.मा संस्थाको आन्तरिक लेखा परीक्षण, लेखा तथा सुपरीवेक्षण समितिद्वारा दिइएका सुझावहरुको सन्दर्भमा संस्थाले ती सुझावहरुलाई अध्ययन गरी कार्यान्वयन गर्दै आएको जानकारी यस साधारण सभा समक्ष अवगत गराउन चाहन्छु । लेखा तथा सुपरीवेक्षण समितिले औंल्याएका केही सुझाव तथा टिप्पणीहरू मध्ये केही बुँदाहरु निम्नानुसार रहेका छन् :

९.१ मासिक बचतलाई अनिवार्य गराउने संस्थाको नीति अनुसार सबै सदस्यहरुले नियमित नगरिएको पाइएकोले नियमित गराउन पहल गर्नुपर्ने देखिन्छ ।

९.२ एक वर्ष भन्दा बढी भाका नाघेका ऋणीहरुको धितो पुनः मूल्याङ्कन गराई अपुग देखिएमा सहकारी ऐन तथा नियमावली बमोजिम अन्य चल अचल सम्पत्ति समेतबाट असुली गर्नेगरी लिलामी प्रकृयामा जानुपर्ने देखिन्छ ।

९.३ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी विभागबाट जारी निर्देशिका बमोजिम संस्थाले कार्य गरिरहेको हुँदा सदस्य पहिचान फारम KYM पूर्णता गर्नु देखिन्छ ।

९.४ आ.व. २०७६/०७७ मा प्रवाह भएको ऋण फाइलहरूको परीक्षण गर्दा समग्रमा देहाय बमोजिम देखिएको छ ।

- प्रवाहित सबै ऋणहरू ऋण उप-समितिबाट पास भएको देखिन्छ ।
- लगानी भएका ऋण सञ्चालक समितिबाट अनुमोदन भएको देखिन्छ ।
- रु.१० लाख भन्दा माथिको ऋण लगानीमा धितो मूल्याङ्कनकर्ताबाट धितो मूल्याङ्कन भएको देखिन्छ ।
- ऋण लगानी गर्दा 5C विश्लेषण नगरेकोले गर्नुपर्ने देखिन्छ ।
- ऋण लगानी गर्दा ऋणी तथा एकाघरका सदस्यको आयश्रोत खुल्ने कागजात लिनुपर्ने देखिन्छ ।

९.५ आन्तरिक लेखा परीक्षणमा प्राप्त भएका सुझावहरू कार्यान्वयनका गर्नुपर्ने देखिन्छ ।

९.६ संस्थाको दीर्घकालीन हितलाई ध्यानमा राखी ऋणहरूको क्रमशः मासिक साँवा ब्याज तिर्दै किस्ताबन्दीमा लैजान ऋणको समय वृद्धि गनुपर्ने देखिन्छ ।

९.७ सस्थाको वित्तिय विवरणका केही सुचाङकहरु पर्ल्स अनुगमन पद्धती अनुरुप कायम गर्नुपर्ने देखिन्छ । साथै पर्ल्स प्रतिवेदन सञ्चालक समितिको बैठकमा छलफल गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

९.८ सहकारी ऐन तथा नियमावलिमा नबाझिने गरी संस्थाको विनियम, अन्य निति तथा कार्यविधि संशोधन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, विषम परिस्थितिका बीचमा समेत संस्थाले हासिल गरेका सफलता उदाहरणीय छन् । हामीले सहकारी ऐन र संस्थाको विनियमको परिधिभित्र रहेर नियमित रुपमा आन्तरिक लेखा परीक्षण र सुपरीवेक्षणका कामहरु सम्पन्न गरेका छौं । चालु वर्ष निकै चुनौतिपूर्ण रहने देखेका छौं । फेरि पनि असहजतालाई सहज बनाउन सम्पूर्ण समिति, उप-समिति, कर्मचारी सेयर सदस्यहरुले सहकार्य गर्दै परिस्थितिको सामना गर्न सक्नेमा हामी विश्वस्त छौं । साथै संस्थाको निरन्तर प्रगतिका निम्ति मन, वचन र कर्मले निरन्तर लगनशील रहको नेतृत्व, सेयर सदस्यहरूको न्यायो माया, इमान्दार कर्मचारीहरु, संस्थाका सुभचिन्तकहरूको निरन्तर सहयोग, सद्भाव र सुझाव आगामी दिनहरूमा पनि निरन्तर रहिरहनेछ

भन्ने आशा गर्दछु । लेखा तथा सुपरीवेक्षण समितिलाई निरन्तर सहयोग पुऱ्याउने सञ्चालक समिति, सेयर सदस्य महानुभावहरू, कर्मचारी तथा लेखा तथा सुपीरवेक्षण समितिका सदस्यहरू लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु ।

**"कोरोना भाइरस बाट आफू पनि बचौँ अरुलाई पनि बचाऔँ "**

**" अनावश्यक भिडभाड नगरौं घरमै बसौं सुरक्षित रहौं "**

**धन्यवाद ।।**

**जय सहकारी । जय प्रतिभा**

मिति : २०७७।०९।०४-१८ गते

लेखा तथा सुपरीवेक्षण समितिका तर्फबाट

संयोजक : उद्धवप्रसाद पौडेल

सदस्य : नरेन्द्र तिमल्सिना

सदस्य : आशा राई

## प्रतिभा बचत तथाऋण सहकारी संस्था लिमिटेडको
## चौधौँ वार्षिक साधारण सभामा
## कोषाध्यक्षको तर्फबाट प्रस्तुत प्रतिवेदन–२०७७

आदरणीय अध्यक्षज्यू, १४ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, पत्रकारमित्र, कर्मचारीहरु संस्थामा आवद्ध भई यस वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयर सदस्य महानुभावहरुमा म आफ्नो ब्यक्तिगततर्फबाट तथा समग्र संस्थाको तर्फबाट सहकारी अभिवादन ब्यक्त गर्न चाहन्छु । संस्थाको तेह्रौं वार्षिक साधारण सभाबाट मलाई कोषाध्यक्ष पदमा निर्विरोध निर्वाचित गर्नुहुने सम्पूर्ण सेयर सदस्य महानुभावप्रति कृतज्ञ छु । म तपाईहरुको विश्वासलाई पूर्ण निष्ठाका साथ निर्वाहगर्ने प्रण गर्दछु ।

प्रतिभा वचत तथा ऋण सहकारी संस्था लि. १४ वर्ष पुरा गरी १५ वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण सदस्यहरुमा हार्दिक आभार प्रकट गर्दछु । समुदायमा आधारित यस संस्था देशको राजधानी नजिक रहेर पनि ग्रामीण क्षेत्र सम्म सदस्यहरुको ससानो पूँजीलाई एकीकृत गरी उत्पादनमुखी तथा व्यावसायिक बनाउने अभिप्रायले स्थापना भएको हो ।

हाल विश्वब्यापीरुपमा फैलिएको कोरोना भाईरस महामारीका कारण वार्षिक योजना अनुसार बचत संकलन, कर्जा लगानी तथा असुली गर्न कठिनाई भएता पनि यस विषम परिस्थितिमा पनि संस्थाको दैनिक कारोवारलाई निरन्तर गरी आर्थिकरुपमा संवृद्ध बनाउन र पूँजी निर्माण गर्न गर्नु भएको सहयोग प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै निरन्तर साथ सहयोग र सद्भावको सदैव अपेक्षा गर्दछु ।

सहकारी संस्था सहकार्यको प्रतीक हो । सबै सम्पूर्ण सदस्य महानुभावहरुलाई यसै संस्थाबाट सम्पूर्ण आर्थिक कारोबार गरिदिनु हुनसमेत विशेष आग्रह गर्दछु । संस्था सञ्चालनका क्रममा तत्कालीन परिस्थितिमा गरिएका निर्णय बदलिँदो परिस्थितिमा कम प्रभावकारी देखिएका पनि हुन सक्छन् । त्यस्ता निर्णयलाई समय सामेक्ष परिवर्तन गर्दै संस्था अगाडि बढाउने समेत सम्पूर्ण सेयर

सदस्यज्यूहरुमा अनुरोध गर्दछु ।

यस संस्थाको १४औं वार्षिक साधारण सभा समक्ष आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन र आ.व. २०७७/२०७८ को अनुमानित कार्य योजना तथा बजेट यस गरिमामय साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु । संस्थालाई स्तरीकरण गर्दै सदस्यहरुको रोजाईको संस्थाको रुपमा विकास गर्नका लागि नीति, विधि र प्रविधिको उच्चतम प्रयोग गर्दै अगाडी बढ्नका लागि आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी सञ्चालक समितिको पूर्ण बैठकबाट पारित गरी संस्थाको यस १४ औं वार्षिक साधारण सभाबाट अनुमोदनका लागि पेस गर्ने अनुमती चाहन्छु ।

**संस्थाका आर्थिक नीति तथा कार्यक्रमहरु :–**

१. कर्जा असुली कार्यलाई मासिक रुपमा वैज्ञानिक ढंगले निर्धारण गरी आर्थिक वर्षको अन्त्यमा पर्ने गरेको चापलाई न्यूनीकरण गरिने छ ।
२. सदस्यको परियोजना विश्लेषणका आधारमा मात्र ऋण लगानी गरिनेछ ।
३. उत्पादनमुलक क्षेत्रमा लगानीका लागि सदस्यलाई प्रोत्साहन गरिनेछ ।
४. खुद नाफाको दरलाई वृद्धि गरिनेछ ।
५. संस्थाको वार्षिक खर्चमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुद बनाउने तथा कार्यक्रम र उद्देश्यमा आधारित खर्च प्रणालीलाई थप सुदृढ पारिने छ ।
६. वार्षिक नीति तथा कार्यकम निर्माणमा समस्त सरोकारवालाहरुको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

अब म यस गरिमामय साधारण सभा समक्ष गत आ.व.२०७६/०७७ को वित्तीय उपलव्धि विवरण तथा गत वर्षको प्रस्तावित बजेटको आधारमा आ.व.२०७६/०७७ यथार्थ उपलब्धि विवरण पेस गर्ने अनुमति चाहन्छु ।

**पूँजी तथा दायित्व तर्फ**

| पूँजी तथा दायित्व | यस बर्ष | गत बर्ष | उपलव्धी प्रतिशत |
|---|---|---|---|
| सेयर पूँजी | ३५,५०९,१००.०० | ३५,३९०,७००.०० | ०.३३ |
| कोष हिसाब | १२,३५१,८७८.२५ | १४,८०६,६९४.६० | –१६.५८ |
| बचत तथा निक्षेप | २१६,३९१,९८५.१२ | १९३,३०७,४२०.९१ | ११.९४ |

| | | | |
|---|---|---|---|
| बाह्य ऋण तथा सापटी | २,४३७,५००.०० | ४,३१२,५००.०० | -४३.४८ |
| चालु दायित्व तथा व्यवस्था | ३०,४५०.०० | ८८,३६०.०० | -६५.५४ |
| कर दायित्व | ७०,६३३.०४ | १,९७९,२१२.२४ | -९६.४३ |

**सम्पत्ती तथा जायजेथा तर्फ**

| सम्पत्ती तथा जायजेथा | यस बर्ष | गत बर्ष | उपलब्धी प्रतिशतमा |
|---|---|---|---|
| नगद मौज्दात | २४,१०,७४७.०० | ३६,८७,६५०.०० | -३४.६३ |
| बैंक मौज्दात | ६,१६,६८,८२७.०८ | ६,५१,७७,३१५.५३ | -५.३८ |
| बित्तिय लगानी हिसाब | ४३,४२,५००.०० | ४१,५५,५००.०० | ४.५० |
| कर्जा तथा सापटी लगानी | १९,७६,०३,६०८.०० | १७,४२,०२,६०१.०० | १३.४३ |
| स्थिर सम्पत्ति | ४,८०,४८४.६८ | ५,७७,०८८.४२ | -१६.७४ |
| अग्रिम भुक्तानी तथा पाउनुपर्ने हिसाब | २,८५,३७९.६५ | २०,८४,७३२.८० | -८६.३१ |

अब म यस गरिमामय सभा समक्ष गत वर्षको प्रस्तावित बजेटको आधारमा आ.व.२०७६/०७७ को यथार्थ उपलब्धि विवरण पेस गर्ने अनुमति चाहन्छु।

**प्राप्ती तथा आय विवरण**

| क्र.सं. | आय विवरण | २०७६/०७७ को अनुमानित वजेट | २०७६/०७७ को यर्थाथ | उपलब्धी प्रतिशतमा |
|---|---|---|---|---|
| १ | सेयर पूँजी प्राप्त | ३,३००,०००.०० | १,१०४,७००.०० | ३३.४८ |
| २ | वचत प्राप्त | ६९०,०००,०००.०० | ६१७,२६९,६७०.९२ | ८९.४६ |
| ३ | बाह्य ऋण प्राप्त | १५,०००,०००.०० | - | ०.०० |
| ४ | कर्जा असुली | २१३,५००,०००.०० | १९३,४३५,६३५.०० | ९०.६० |
| ५ | अन्य आम्दानी | १५०,०००.०० | ६१,१५८.८८ | ४०.७७ |
| ६ | प्रवेश शुल्क | ३५,०००.०० | १४,५००.०० | ४१.४३ |
| ७ | प्रशासनिक शुल्क | १,७००,०००.०० | २,३३४,९९९.८५ | १३७.३५ |
| ८ | हर्जना तथा जरिवाना प्राप्त | २२,०००.०० | ३२०,९७४.०० | १,४५८.९७ |
| ९ | लगानी बाट प्राप्त | ४७५,०००.०० | ४९४,६८८.०९ | १०४.१४ |
| १० | ब्याज आम्दानी | ३५,०००,०००.०० | २९,५१०,७०७.१३ | ८४.३२ |
| | जम्मा | ९५९,१८२,०००.०० | ८४४,५४७,०३३.८७ | ८८.०५ |

## भुक्तानी तथा व्यय विवरण

| क्र.सं. | आय विवरण | २०७६/०७७ को अनूमानित वजेट | २०७६/०७७ को यर्थाथ | उपलब्धी प्रतिशतमा |
|---|---|---|---|---|
| १ | सेयर पूँजी फिर्ता | १,३५०,०००.०० | ९८६,३००.०० | ७३.०६ |
| २ | वचत फिर्ता | ६३५,०००,०००.०० | ५९४,१८५,१०६.७१ | ९३.५७ |
| ३ | कर्जा लगानी हिसाव | २४५,०००,०००.०० | २१६,८३६,६४२.०० | ८८.५० |
| ४ | बाहय ऋण फिर्ता | २,५००,०००.०० | १,८७५,०००.०० | ७५.०० |
| ५ | सम्पत्ति सामान | ३४५,०००.०० | ४७,९००.०० | १३.८८ |
| ६ | लगानी हिसाव | ५००,०००.०० | १८७,०००.०० | ३७.४० |
| ७ | कर्मचारी खर्च | १,७५०,०००.०० | १,४८५,०००.०० | ८४.८६ |
| ८ | घर भाडा | १९२,०००.०० | २०३,२००.०० | १०५.८३ |
| ९ | मसलन्द खर्च | १५०,०००.०० | ६३,५९५.०० | ४२.४० |
| १० | ब्याज खर्च | २५,७००,०००.०० | २४,५९६,१६०.८४ | ९५.७० |
| ११ | ब्याज खर्च (बाह्य ऋण) | ५००,०००.०० | १६२,८६६.३१ | ३२.५७ |
| १२ | टेलिफोन खर्च | ४५,०००.०० | ७०,०१५.०० | १५५.५९ |
| १३ | विविध खर्च | १२५,०००.०० | १४१,८६२.०० | ११३.४९ |
| १४ | सफाई खर्च | २२३,२००.०० | १९८,२४०.०० | ८८.८२ |
| १५ | छपाई खर्च | १५०,०००.०० | - | ०.०० |
| १६ | साधारण सभा खर्च | ५५०,०००.०० | ४४३,७५१.०० | ८०.६८ |
| १७ | साधारण सभा भत्ता | ९५०,०००.०० | ८०३,५००.०० | ८४.५८ |
| १८ | सुत्केरी घ्यू बितरण | ५०,०००.०० | १२,०९०.०० | २४.१८ |
| १९ | कर्मचारी युनिर्फम | ६५,०००.०० | - | ०.०० |
| २० | ईन्धन खर्च | ४०,०००.०० | २४,०००.०० | ६०.०० |
| २१ | वित्तिय साक्षरता तालिम | ६२५,०००.०० | १३७,११२.०० | २१.९४ |
| २२ | एक सदस्य एक साथि कार्यक्रम | ५०,०००.०० | - | ०.०० |
| २३ | सदस्य औं.उपचार खर्च | ७२५,०००.०० | ८३७,५५७.०० | ११५.५३ |
| २४ | एस.एम.एस खर्च | ९०,५००.०० | ६४,०००.०० | ७०.७२ |
| २५ | पत्रपत्रिका तथा शुभकामना खर्च | ३५,०००.०० | १३,४००.०० | ३८.२९ |

| | | | | |
|---|---|---|---|---|
| २६ | बैठक भत्ता खर्च | १२५,०००.०० | १७३,२००.०० | १३८.५६ |
| २७ | सफटवेयर खर्च | २५,०००.०० | ११,४००.०० | ४५.६० |
| २८ | अवलोकन भम्रण खर्च | २५०,०००.०० | – | ०.०० |
| २९ | अतिथि सत्कार खर्च | ११०,०००.०० | ६३,३३०.०० | ५७.५७ |
| ३० | नेतृत्व विकास तालिम खर्च | २५०,०००.०० | – | ०.०० |
| ३१ | कर्जा फलोअफ खर्च | १७५,०००.०० | १५९,२७५.०० | ९१.०१ |
| ३२ | लेखापरीक्षण खर्च | ३५,०००.०० | ३५,०००.०० | १००.०० |
| ३३ | कार्यालय सामान मर्मत | ३०,०००.०० | ३,८००.०० | १२.६७ |
| ३४ | वेवसाइट निमार्ण खर्च | २०,०००.०० | ७,९१०.०० | ३९.५५ |
| ३५ | संस्था प्रवर्धन खर्च | ५०,०००.०० | २४,२५०.०० | ४८.५० |
| ३६ | मोबाइल बैंकिङ सिस्टम | १९०,०००.०० | – | – |
| ३७ | ढुकुटी, काउन्टर  विमा | ७५,०००.०० | – | ०.०० |
| ३८ | सदस्य विमा कार्यक्रम | १००,०००.०० | – | ०.०० |
| ३९ | संस्था आवद्धता शुल्क | १६,०००.०० | ९,३२५.०० | ५८.२८ |
| ४० | तीर्थाटन कार्यक्रम | १३५,०००.०० | – | ०.०० |
| ४१ | सहकारी दिवस कार्यक्रम | २५,०००.०० | – | ०.०० |
| ४२ | कार्यालय खाजा खर्च | ९९,०००.०० | ७७,४६५.०० | ७८.२५ |
| ४३ | महिला उप-समिति कार्यक्रम | ४०,०००.०० | – | ०.०० |
| ४४ | युवा उप-समिति कार्यक्रम | ६०,०००.०० | १४,४८०.०० | २४.१३ |
| ४५ | शिक्षा उप-समिति कार्यक्रम | ५०,०००.०० | – | ०.०० |
| जम्मा | | ९१८,५७०,७००.०० | ८४३,९५३,७३२.८६ | ९१.८८ |

## आगामी आ.व. २०७७/०७८ का लागि अनुमानित बजेट सम्बन्धमा

यस प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको आर्थिक वर्ष २०७७/०७८ को आय गत कार्यक्रम र व्यवसाय सञ्चालनमा आय हुने गरी अनुमानित बजेट प्रस्ताव गरिएको छ ।

**क. प्रस्तावित आयगत कार्यक्रम तथा वजेट**

| क्र.स | आय विवरण | २०७७/०७८ को संशोधित अनुमानित बजेट | २०७८/०७९ को अनुमानित बजेट |
|---|---|---|---|
| १ | सेयर पूँजी | १,७००,०००.०० | १,९००,०००.०० |
| २ | बचत प्राप्त | ६९१,०००,०००.०० | ७२५,०००,०००.०० |
| ३ | बाह्य ऋण | १०,०००,०००.०० | १०,०००,०००.०० |
| ४ | कर्जा असुली | २१७,०००,०००.०० | २४२,०००,०००.०० |
| | **जम्मा** | ९१९,७००,०००.०० | ९७८,९००,०००.०० |
| ५ | सेवा शुल्क | ११२,०००.०० | १२०,०००.०० |
| ६ | प्रवेश शुल्क | ३०,०००.०० | ३५,०००.०० |
| ७ | प्रसाशनिक शुल्क | २,८५०,०००.०० | ३,२००,०००.०० |
| ८ | जरिवाना प्राप्त | ३०,०००.०० | ३५,०००.०० |
| ९ | लगानीबाट प्राप्त | ५५०,०००.०० | ६००,०००.०० |
| १० | ब्याज आम्दानी | ३५,१००,०००.०० | ३९,७००,०००.०० |
| | **जम्मा** | ३८,६७२,०००.०० | ४३,६९०,०००.०० |

**ख. आर्थिक वर्ष २०७७/०७८ को व्ययगत कार्यक्रम र व्यवसाय सञ्चालनमा खर्च हुने गरी बजेट प्रस्ताव गरिएको छ ।**

| क्र.स | विवरण | २०७७.०७८ को संशोधित अनूमानित बजेट | २०७८.०७९ को अनूमानित बजेट |
|---|---|---|---|
| १ | सेयर पूँजी फिर्ता | १,५००,०००.०० | १,०००,०००.०० |
| २ | बचत फिर्ता | ६६०,०००,०००.०० | ६८५,०००,०००.०० |
| ३ | कर्जा लगानी हिसाव | २५५,०००,०००.०० | २७८,५००,०००.०० |
| ४ | बाह्य ऋण फिर्ता | २,०००,०००.०० | ३,०००,०००.०० |
| ५ | सम्पत्ति सामान | ३००,०००.०० | २००,०००.०० |
| ६ | लगानी हिसाव | १००,०००.०० | ५००,०००.०० |
| | **जम्मा** | ९१८,९००,०००.०० | ९६८,२००,०००.०० |
| ७ | कर्मचारी खर्च | १,५००,०००.०० | १,९५०,०००.०० |
| ८ | घर भाडा | २२०,०००.०० | २४२,०००.०० |
| ९ | मसलन्द खर्च | १५०,०००.०० | १६५,०००.०० |

| | | | |
|---|---|---|---|
| १० | ब्याज खर्च | २८,८५०,०००.०० | ३२,७५०,०००.०० |
| ११ | ब्याजखर्च (बाह्य ऋण) | ५००,०००.०० | ५१०,०००.०० |
| १२ | पानी, विद्युत् र टेलिफोन खर्च | ९०,०००.०० | ९३,५००.०० |
| १३ | विविध खर्च | १५०,०००.०० | १६५,०००.०० |
| १४ | सफाई खर्च | २२५,०००.०० | २४७,५००.०० |
| १५ | छपाई खर्च | ५०,०००.०० | ५५,०००.०० |
| १६ | साधारण सभा खर्च | ३२५,०००.०० | ५५०,०००.०० |
| १७ | साधारण सभा भत्ता | ९७०,०००.०० | १,०६७,०००.०० |
| १८ | मोबाइल बैंकिङ सिस्टम | ९०,०००.०० | ५०,०००.०० |
| १९ | कर्मचारी पोशाक | ६०,०००.०० | २०,०००.०० |
| २० | इन्धन खर्च | ४०,०००.०० | ४४,०००.०० |
| २१ | वित्तीय साक्षरता तालिम | ६५०,०००.०० | ६६०,०००.०० |
| २२ | एक सदस्य एक साथी कार्यक्रम | २०,०००.०० | २२,०००.०० |
| २३ | एस.एम.एस खर्च | ९०,५००.०० | ९९,५५०.०० |
| २४ | महानगरपालिका कर | १५,०००.०० | १५,०००.०० |
| २५ | पत्रपत्रिका तथा शुभकामना खर्च | २०,०००.०० | २२,०००.०० |
| २६ | बैठक भत्ता खर्च | २१२,०००.०० | २३३,२००.०० |
| २७ | सफ्टवेयर खर्च | २०,०००.०० | ५०,०००.०० |
| २८ | अवलोकन भम्रण खर्च | ० | २५०,०००.०० |
| २९ | अतिथि सत्कार खर्च | १५०,०००.०० | १६५,०००.०० |
| ३० | नेतृत्व विकास तालिम खर्च | २७०,०००.०० | ० |
| ३१ | कर्जा फलोअफ खर्च | २२०,०००.०० | २४२,०००.०० |
| ३२ | ब्याज छुट खर्च | ३००,०००.०० | ० |
| ३३ | लेखापरीक्षण खर्च | ४०,०००.०० | ४५,०००.०० |

| | | | |
|---|---|---|---|
| ३४ | कार्यालय सामान मर्मत | ३०,०००.०० | ३३,०००.०० |
| ३५ | वेवसाइट निमार्ण खर्च | २०,०००.०० | २२,०००.०० |
| ३६ | संस्था प्रवर्धन खर्च | ७०,०००.०० | ५५,०००.०० |
| ३७ | ढुकुटी, काउन्टर  विमा | ४०,०००.०० | ५०,०००.०० |
| ३८ | संस्था आवद्धता शुल्क | २५,०००.०० | २७,०००.०० |
| ३९ | जेष्ठ सदस्य स्वास्थ्य परिक्षण खर्च | १३५,०००.०० | १५०,०००.०० |
| ४० | सहकारी दिवस कार्यक्रम | २५,०००.०० | २५,०००.०० |
| ४१ | कोभिड-१९ सुरक्षा खर्च | ३५०,०००.०० | ३००,०००.०० |
| ४२ | कार्यालय खाजा खर्च | ८५,०००.०० | ९०,०००.०० |
| ४३ | महिला उप-समिति कार्यक्रम | ६५,०००.०० | ७०,०००.०० |
| ४४ | शिक्षा उप-समिति कार्यक्रम | ७५,०००.०० | ८०,०००.०० |
| ४५ | युवा उप-समिति कार्यक्रम | ६०,०००.०० | ६६,०००.०० |
| | जम्मा | ३६,२०७,५००.०० | ४०,६८०,७५०.०० |

प्रस्तुत अनुमानित बजेट तथा वित्तीय विवरण माथि छलफल गर्न तथा आफ्ना अमूल्य सुझावहरु सञ्चालक समितिलाई प्रदान गर्नुहुन अनुरोध गर्दै संस्थाका विविध कार्यक्रममा योगदान गर्नुहुने सञ्चालक समिति, लेखा तथा सुपरीवेक्षण समिति, विभिन्न उप-समितिहरु, सम्पूर्ण सेयर सदस्य महानुभावहरु, शुभ चिन्तक र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**“कोरोना भाइरस बाट आफू पनि बचौँ अरुलाई पनि बचाऔँ ”**

**“ अनावश्यक भिडभाड नगरौं घरमै बसौं सुरक्षित रहौं ”**

**धन्यवाद ।।**

**जय सहकारी । जय प्रतिभा**

मिति : २०७७।०९।०४-१८ गते

शिवप्रसाद शर्मा
कोषाध्यक्ष

**एम.पि दाहाल एण्ड एसोसियट्स**
मुकुन्दप्रसाद दाहाल दर्तावाला लेखापरिक्षक
स्था.ले.न ३०१३७३६२५

सदस्य नं ७२
प्र.प.न ४४१३

## प्रतिभा वचत तथा ऋण सहकारी सस्थां लिमिटेड ललितपुर महानगरपालिका– ५ लगनखेलका शेयर सदस्यहरु समक्ष प्रस्तुत "स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन" ।

शेयर सदस्य महानुभावहरु,

यस सस्थाको संचालक समितिको वैठकले साधारण सभाबाट अख्तियारी प्राप्त गरे वमोजिम हामीलाई त्यस संस्थाको आर्थिक वर्ष २०७६/०७७ को हिसाव किताव समाप्ति पछि तयार पारीएको आर्थिक विवरणहरु र आवश्यक अन्य विवरणहरु उपलब्ध गराई लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्न १३ औं बार्षिक साधारण सभाबाट नियूक्ती गर्नु भएकोले लेखापरीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेकाछौं । वित्तिय विवरण प्रतिको उत्तरदायित्व संस्था व्यवस्थापनमा रहनेछ । व्यवस्थापनले उपलब्ध गराएका विवरण प्रति राय दिनु हाम्रो कर्तव्य हुनेछ ।

